नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

# प्रेस विज्ञप्ति

गणतन्त्र दिवसको १६औं बार्षिकोत्सवको अवसरमा नेपाली राजदूतावास, बर्लिनद्वारा आज एक समारोह आयोजना गरी गणतन्त्र दिवस मनाइयो । यस दूतावासका महामहिम राजदूत रामकाजी खड्काले नेपालको राष्ट्रिय झण्डा फहराई प्रारम्भ गरिएको उक्त कार्यक्रममा नेपाली राष्ट्रिय गान बजाउनुका साथै गणतन्त्र प्राप्तिका लागि आफ्नो जीवन आहुति दिने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुको सम्झनामा एक मिनेट मौन धारण गरिएको थियो।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै महामहिम राजदूतले जर्मनी तथा सह-प्रमाणिकृत मुलुकहरुमा बसोबास गर्नुहुने सम्पूर्ण नेपालीहरू र नियोगमा कार्यरत कर्मचारी तथा परिवारका सदस्यहरूको सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।उहाँले नेपालमा गणतन्त्रको स्थापनाका लागि सम्पूर्ण नेपाली जनता तथा राजनैतिक दलहरुले गरेको योगदानको चर्चा गर्दै एकात्मक व्यवस्था भन्दा संघात्मक व्यवस्था उन्नत लोकतन्त्र भएको पनि उल्लेख गर्नुभयो । साथै, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात तीन तहका सरकारहरु मार्फत जनताले अनुभुति हुने गरी भौतिक, आर्थिक तथा सामाजिक बिकासले गति लिएको र यसले जनताको वास्तविक लोकतन्त्रको अभ्यास गर्ने ध्येय पुरा हुँदै गएको बताउनु भयो।

नियोगले सम्पादन गर्ने आर्थिक कुटनीति, गैर आवासीय नेपालीहरूसंगको सम्पर्क तथा समन्वय र कन्सुलर सेवा सम्वन्धी कार्यक्रमहरु थप प्रभावकारी रूपमा सञ्चालन गर्न सबैले सक्रियता र ईमान्दारिताका साथ कार्य सम्पादन गर्न तर्फ सबै कर्मचारीहरु अभिमुख हुन जरूरी रहेको बताउनु भयो ।जर्मनीमा राष्ट्रिय विदाका वाबजुद आयोजना गरिएको उक्त कार्यक्रममा नेपाली नियोगका कर्मचारी तथा परिवारका सदस्यहरूको उपस्थिति रहेको थियो ।उक्त कार्यक्रमको सञ्चालन नियोगका तृतीय सचिव चुमान सिंह के. सी. ले गर्नुभएको थियो ।

नेपाली राददूतावास
बर्लिन ।

मिति २०८० जेठ १५ (मे २९,२०२३)

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np